# शिक्षाध्यक्षको कार्यालय
# OFFICE OF THE RECTOR
## अनुसन्धान केन्द्र
## Centre for Research

त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर, काठमाण्डौ,
नेपाल ।

Tribhuvan University
Kirtipur, Kathmandu,
Nepal.

Ref.No./ प.सं.फा.
अ०के०च०नं०- ६३/०७६-७७

Date/ मितिः २०७६/५/२४

शिक्षाध्यक्षको कार्यालय
अनुसन्धान केन्द्र
त्रि. वि. कीर्तिपुर

श्रीमान् संकाय डीनज्यू,
व्यवस्थापन संकाय,
कीर्तिपुर ।

**विषय :- लघु अनुसन्धान (Mini Research) प्रस्ताव आव्हान गरेको बारे ।**

महोदय,

त्रिभुवन विश्वविद्यालयको आर्थिक अनुदानमा यस केन्द्रवाट आ.व. २०७६/०७७ को नियमित अनुसन्धान परियोजना अनुसार प्रति अनुसन्धान रु. ४०,०००।– (चालिस हजार) अनुसन्धान खर्चमा जम्मा ५० वटा लघु अनुसन्धान कार्यक्रम सञ्चालन गरिने व्यहोरा जानकारी गराईन्छ । यसै सन्दर्भमा त्यस विभाग, कार्यालय, क्याम्पसमा कार्यरत अनुसन्धान गर्न इच्छुक करार, अस्थायी र स्थायी शिक्षक तथा कर्मचारीहरुबाट आफ्नो विशिष्ट रुचिगत विषय क्षेत्र र त्रि. वि. को शिक्षण अनुसन्धान कार्यमा सहयोग पुऱ्याउन सक्ने किसिमका लघु अनुसन्धान कार्यका लागि संलग्न निर्देशिका एवं मापदण्ड (Website:www.tu.edu.np) अनुसार दुई प्रति अनुसन्धान प्रस्ताव यस केन्द्रमा मिति २०७६ साल कार्तिक ८ गते दिउँसो ४ वजे भित्र आइपुग्नका लागि सूचना गरी सम्वन्धित सवै शिक्षक/कर्मचारीहरुलाई परिपत्र गरि दिनु हुन अनुरोध गर्दछु ।

आर्थिक वर्ष २०७४/०७५ र २०७५/०७६ मा यस प्रकारको लघु अनुसन्धान कार्य गर्ने अवसर पाएका व्यक्तिहरुको लागि यो सुविधा दिइने छैन । साथै यस आर्थिक वर्षमा विश्वविद्यालय अनुदान आयोग, डीनको कार्यालय वा अन्य निकायबाट सञ्चालित अनुसन्धान परियोजनामा संलग्न भएको वा विद्यावारिधि गरि सकेको वा अध्ययन विदा, स्वअध्ययन विदा र वेतलवी विदा उपभोग गरि रहेको व्यक्तिहरुको अनुसन्धान प्रस्ताव मान्य नहुने वेहोरा समेत सूचित गरिदिनु होला । निकाय प्रमुख भन्दा अन्य व्यक्तिले प्रमाणित गरेको, संलग्न निर्देशिका अनुसार नभएको र तोकिएको समय भन्दा ढिलो गरी यस केन्द्रमा आएको प्रस्ताव प्रारम्भिक छनौटका लागि समावेश नगरिने व्यहोरा समेत जानकारी गराइन्छ ।

डीनको कार्यालय व्यवस्थापन संकाय
दर्ता नं– २६३/०७६/०७७
मिति– २०७६/५/२५

भवदीय,

---------------

प्रा. डा. उमेश कुमार मण्डल
कार्यकारी निर्देशक